# भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकाशित मितिः-२०७६/०३/१८

विषय :- सूचना ।

यस भरतपुर महानगरपालिकाको लागि नगर प्रहरी सेवा करारमा लिन आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको ढाँचामा प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र रीतपूर्वकको आवेदन फाराम भरी पेश गर्नको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि. नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | अनुभव | उमेर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | अधिकृतस्तर छैठौं | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | सुरक्षा निकायमा निरीक्षक वा सो सरहको पदमा सेवा गरेको/नायव निरीक्षक वा सो सरहको पदमा कम्तिमा ५ वर्ष सेवा गरेको । | २५ वर्ष पुरा भै ४५ वर्ष ननाघेको । | |
| २ | सहायक नगर प्रहरी निरीक्षक | सहायकस्तर चौंथो | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | | १८ वर्ष पुरा भै २५ वर्ष ननाघेको ।तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४५ वर्ष ननाघेको । | |
| ३ | नगर प्रहरी जवान | श्रेणी विहिन | ९ (नौ) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE वा सो सरह उत्तीर्ण गरेको। | | १८ वर्ष पुरा भै २३ वर्ष ननाघेको ।तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४० वर्ष ननाघेको । | |

- दरखास्त दिने अन्तिम मितिः- २०७६/०४/१७ गते ।
- दरखास्त आवेदन फाराम पाउने तथा बुझाउने स्थानः- भरतपुर महानगरपालिका, प्रशासन तथा जनशक्ति विकास शाखा ।
- दरखास्त फारम दस्तुरः- नगर प्रहरी निरीक्षकको लागि रु. १,०००/- , नगर प्रहरी सहायक निरीक्षकको लागि रु. ७,००/- र नगर प्रहरी जवानको लागि रु. ५००/- भरतपुर महानगरपालिकाको रा. बा. बैंक, चौविसकोठी, भरतपुर, चितवनमा रहेको च. हि. खाता नं. १३१०३०४०१८१०२ मा रकम जम्मा गरेको भौचर दरखास्त फारमसँगै पेश गर्नुपर्नेछ ।

आवश्यक कागजातहरुः

- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित छाँयाप्रति ।
- नेपाली नागरिकताको छाँयाप्रति ।
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।
- सम्बन्धित ईलाका वा वडा प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

आधारभूत शर्तहरुः

- पुरुषको हकमा घटिमा उचाई ५ फिट ३ ईन्च, छाति ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटिमा उचाई ५ फिट, र तौल ४२ के.जी. भएको ।
- आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको ।

.............................
(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner